# ९ परमेश्वरको दिन सपन्याह

*यस अध्यायको निम्ति पढ्नुहोस्:* सपन्याह १:१४-१८, योयल २:१-११, सपन्याह २:१-३, यशैया ११:४, सपन्याह ३:१-५, यशैया ६२:५, नेहूम १-३।

*स्मरण गर्नुपर्ने पद:* "सबैमाथि शासन गर्ने परमेश्वरले मोआब र आमोनलाई त्रसित बनाउनुहुनेछ। पृथ्वीका सबै देवी-देवताहरूलाई उहाँले नष्ट गर्नुहुनेछ। तब संसारका प्रत्येक कुनामा रहेका राष्ट्रहरूले उहाँको उपासना गर्नेछ। आआफ्नै भूमीबाट तिनीहरूले परमेश्वरको सेवा गर्नेछ।" (सपन्याह २:११, न्यु इन्टरनाशनल रिभाइज्द भर्जन्)

*मूल सोच:* जगतको अन्त्य हुँदैछ। न्यायको समय आउँदैछ। तर जो भित्री हृदयदेखि इमान्दारीपूर्वक चाहना गर्दछ, त्यसको निम्ति परमेश्वरको अनुग्रह, करूणा, स्नेह र दया अझै उपलव्ध छन्।

यदि यहूदा वा इस्राएल देशको ऐतिहासीक बंशावली क्रमवद्ध रूपमा लेखिएको भए सपन्याहको पुस्तक यशैया र यर्मियको बीचमा पर्दथ्यो होला।

**यथार्थमा सपन्याहको पुस्तक गुनासोको पुस्तक भने पनि हुन्छ किनभने उनले यहुदामा भइरहेका अनेकन बेइमान जीवनशैलीको बारेमा प्रचार गरेका थिए। तिनीहरूको त्यो आचरण नैराश्यजनक थियो। पश्चाताप वा आफ्नो भ्रष्ट जीवनशैलीलाई छोडेर परमेश्वरतिर फर्कनुपर्ने आवश्यकतालाई उनले औंल्याएका थिए। त्यो देशका मानिसहरूको अन्धकारमय चालामालामा पनि आफ्ना जनहरू नम्र र निष्ठावान भएर आफूतिर फर्क भनेर प्रेमले भरिपूर्ण भएको परमेश्वरले अझै पनि आह्वान गरिरहनुभएको थियो। सपन्याहको सन्देश दुई भागमा विभाजित छन्: १) सारा संसारलाई परमेश्वरले न्यायको आसनमा ल्याउने सम्भावना बढिरहेको छ। उहाँले गर्ने न्यायमा यहूदीहरूले म्लेच्छ अर्थात् अन्य जाति भनेर कहलाइएका मानिसहरूलाई मात्र नभएर परमेश्वरका आफ्नै जनहरूको पनि इन्साफ हुनेछ। २) तर इस्राएलका बाँकिरहेका परमेश्वरका भक्तजनहरूसँग सारा राष्ट्रका मुक्ति पाएका जनहरू मिल्नेछन् भन्ने प्रतिज्ञापनि यथावत नै भएको छ। ती दुवै समूहहरू मिलेर**

परमेश्वरको सेवा गर्नेछ र उहाँको आशिषको आनन्दको उपभोग गर्न पाउनेछ। यस पतित, भ्रष्ट, अन्याय, अत्याचार र दुष्ट जीवनशैलीले भरिएको संसारमा परमेश्वरको सन्देश प्रचारप्रसार गर्ने जनहरूको निम्ति सपन्याहको सन्देश अझ पनि महत्त्वपूर्ण, समसामयीक र सान्दर्भिक छन् भनेर यस अध्यायमा हामी अवलोकन गर्नेछौं।

## १. अन्धकारको दिन (सपन्याह १:१४-१८)

सपन्याहले अत्यन्त महत्त्वपूर्ण रूपमा औंल्याएको सन्देश "परमेश्वरको दिन" (सपन्याह १:७) हो। बाइबलका अगमवक्ताहरूको निम्ति परमेश्वरको दिन कुनै काल्पनिक नभएर यथार्थ हुन्। त्यस दिनमा परमेश्वरले मानिसहरूलाई उद्धारको कार्यको थालनी गर्नुहुनेछ र साथै इन्साफ पनि गर्नुहुनेछ। परमेश्वरले इस्राएल देशलाई उद्धार गर्नुहुनेछ र सम्मान गर्नुहुनेछ तर शत्रु राष्ट्रहरूको सदासर्वदाको निम्ति नाह हुनेछ भनेर बाइबलको समयमा प्रायजसो इस्राएलको जनहरूले विश्वास गरेका थिए। तर केवल दुष्ट राष्ट्रहरूका जनताहरूको मात्र नएर उहाँका आफ्नै जनहरूको पनि परमेश्वरको दिनमा विनाश हुनेछ भनेर सपन्याहले गरेको घोषणा सुन्दा सबै अत्यन्त चकित भएका थिए। उनको सन्देश यस प्रकारको छः "१ अमोनका छोरा यहूदाका राजा योशियाहको शासनकालमा हिजकियाका जनाति, अमर्याहका पनाति, गदल्याहका नाति, कूशीका छोरा सपन्याहकहाँ परमप्रभुको यो वचन आयो। २ "पृथ्वीबाट म सबै थोक ध्वंस पार्नेछु," परमप्रभु घोषणा गर्नुहुन्छ। ३ "मानिसहरू र पशुहरू दुवैलाई म ध्वंस पार्नेछु। आकाशका पन्क्षीहरू, समुद्रका माछाहरूलाई म ध्वंस पार्नेछु। म पृथ्वीबाट मानिस-जातिलाई नष्ट पार्नेछु, र दुष्टहरूका निम्ति ढुङ्गाको रास मात्र हुनेछ," परमप्रभु घोषणा गर्नुहुन्छ। ४ "म यहूदाको विरुद्धमा र यरूशलेममा बस्नेहरू सबैका विरुद्धमा मेरो हात पसार्नेछु। यस ठाउँबाट बाल देवताका बचेको हरेकलाई, मूर्ति र देवता पुज्ने पूजाहारीहरूको नाउँनिशानै मेटिदिनेछु। ५ घरका कौसीहरूमाथि नक्षत्रहरूको पूजा गर्नेहरूलाई, परमप्रभुको र मोलोखको पनि शपथ खाँदै निहुरनेहरूलाई, ६ परमप्रभुको पछि लाग्न छोड़ेर फर्किजानेहरूलाई, र परमप्रभुको खोजी पनि नगर्ने न त उहाँको विषयमा सोधपूछ गर्नेहरूलाई समेत म नष्ट पार्नेछु।" (सपन्याह १:१-६)। त्यस्तो विनाशकारी परिमाण मानिसहरूले किन भोग्न वाध्य हुनुपऱ्यो भन्दा किनकि तिनीहरूले परमेश्वरको विरुद्धमा पाप गरेका

**थिए। हेर्नुहोस् "१७ म मानिसहरूमाथि सङ्कष्ट ल्याउनेछु, र तिनीहरू अन्धा मानिसहरूझैं हिंड्नेछन्, किनभने तिनीहरूले परमप्रभुको विरुद्धमा पाप गरेका छन्। तिनीहरूको रगत धूलोसरि र तिनीहरूका आन्द्रा-भुँड़ीहरू फोहोरसरि फ्याँकिनेछन्। (समन्याह १:१७)।**

सपन्याह, योयल र आमोस, ती तिन जना अगमवक्ताहरूले परमेश्वरको दिनको बारेमा के साझा चित्रण गरेको छ हेरौं। सपन्याह १:१४-१८, "१४ "परमप्रभुको महादिन नजिकै छ, र त्यो चाँड़ै आउँदैछ। ध्यानसित सुन। परमप्रभुको दिनमा हुने कराइ तीतो हुनेछ, त्यहाँ योद्धाको चिच्च्याई ठूलो हुनेछ। १५ त्यो दिन क्रोधको दिन हुनेछ, विपत् र वेदनाका दिन, कष्ट र सर्वनाशको दिन, अँध्यारो र विरक्तको दिन, बादल र घोर अन्धकारको दिन, १६ किल्ला भएका सहरहरू र कुनाका धरहराहरूका विरुद्धमा तुरही र लड़ाइँको सोरको दिन। १७ म मानिसहरूमाथि सङ्कष्ट ल्याउनेछु, र तिनीहरू अन्धा मानिसहरूझैं हिंड्नेछन्, किनभने तिनीहरूले परमप्रभुको विरुद्धमा पाप गरेका छन्। तिनीहरूको रगत धूलोसरि र तिनीहरूका आन्द्रा-भुँड़ीहरू फोहोरसरि फ्याँकिनेछन्। १८ परमप्रभुका क्रोधको दिनमा न त तिनीहरूको चाँदीले न तिनीहरूको सुनले तिनीहरूलाई बचाउन सक्नेछ। उहाँका डाहको आगोले सारा संसारै भस्म पारिनेछ, किनकि पृथ्वीमा बस्नेहरू सबैलाई उहाँले अचानक भस्म पार्नुहुनेछ।" योयल २:१-११: "१ पतुएलका छोरा योएलकहाँ आएको परमप्रभुको वचन। २ हे अग्रजहरू हो, यो कुरा सुन। हे देशका सबै बासिन्दा हो, ध्यानसित सुन। के तिमीहरूका दिनमा अथवा तिमीहरूका पिता-पुर्खाका दिनमा यस्तो कहिल्यै भएको थियो? ३ तिमीहरूका छोराछोरीहरूलाई यो कुरा बताओ, र तिमीहरूका छोराछोरीहरूले उनीहरूका छोराछोरीहरूलाई बताऊन्, र उनीहरूका छोराछोरीहरूले आगामी पुस्तालाई बताऊन्। ४ जे कुरो सलहहरूको बथानले छोड़े, ती ठूला-ठूला सलहले खाए। जे ठूला-ठूला सलहले छोड़ेका थिए, ती जवान सलहले खाइहाले। जे जवान सलहले छोड़ेका थिए, ती अरू सलहहरूले खाइहाले। ५ हे मतवाला हो, जाग र रोओ। हे सबै दाखमद्य (जाँडरक्सी) पिउने हो, नयाँ दाखमद्यको निम्ति विलाप गर, किनकि त्यो तिमीहरूका ओठैबाट खोसिएको छ। ६ अनगन्ती संख्या भएको एउटा शक्तिशाली जातिले मेरो देशलाई आक्रमण गरेको छ। त्यसका दाँतहरू सिंहका

दाँतहरूजस्तै छन्, र त्यसका दाह्रा सिंहनीका जस्तै छन्। ७ त्यसले मेरा दाखका बोटहरू उजाड़ पारिदिएको छ, र मेरा नेभाराका बोटहरू सखापै पारिदिएको छ। त्यसले तिनका बोक्राहरू लाछेर नाङ्गो पारेर फालिदिएको छ। तिनका हाँगाहरू सेतै बनाइएको छ। ८ आफ्नो तरुणी अवस्थाको लोग्नेको निम्ति भाङ्ग्रा लगाएर विलाप गर्ने कन्ये-केटीले झैं विलाप गर। ९ परमप्रभुको भवनमा अन्नबलि र अर्घ-बलि चढ़ाउन बन्द भएका छन्। परमप्रभुको अगि सेवा गर्ने पूजाहारीहरू विलाप गर्दछन्। १० खेतहरू उजाड़ पारिएका छन्। जमिन सुक्खा भएको छ, अन्न नष्ट भएको छ, नयाँ दाखमद्य सुकिहाल्यो, तेल पनि सुकिहाल्यो। ११ हे किसान हो, निराश होओ। हे दाखबारी लाउनेहरू हो, विलाप गर। गहूँ र जौका निम्ति अफसोस गर, किनभने खेतको फसल नष्ट भएको छ। १२ दाखको बोट ओइलायो, नेभाराको बोट सुक्यो। अनार, खजूर र स्याउको बोट, अर्थात् खेतका सबै रूखहरू ओइलाएका छन्। निश्चय नै मानिस-जातिका सन्तानको आनन्द सुकिगएको छ।" र आमोस ५:१८-२०: "१८ धिक्कार तिमीहरूलाई, जो परमप्रभुका दिनको अति इच्छा गर्दछौ! परमप्रभुका दिनको तिमीहरू किन इच्छा गर्दछौ? त्यो दिन त अन्धकार हुनेछ, उज्यालो होइन। १९ सिंहदेखि भागेर कुनै मानिसको भालूसित भेट भएजस्तै, अथवा घरभित्र गएर आराम गर्नलाई भित्तामा हात राख्दा साँपले त्यसलाई डसेजस्तै त्यो दिन हुनेछ। २० के परमप्रभुको दिन उज्यालो होइन तर अन्धकार हुँदैन र– पटक्कै उज्यालो नभएको निष्पट्ट अन्धकार?"

आउनेवाला न्यायको दिन भनेको जसरी महा जलप्रलयमा सबै जीवजीवातहरूलाई बगाएका थिए (उत्पत्ति ६-८), त्यस्तै हालत सारा संसारको पनि हुनेछ भनेर सपन्याहले तुलनात्मक रूपमा सम्बोधन गरेका थिए। सपन्याहले सपन्याह १:२,३मा मृत्युको क्रमलाई उल्लेख गरिएको रोचक मान्नु पर्छ। सृष्टिको सुरूमा क्रमवद्ध रूपमा सृजना भएका सृष्टिको ठ्याक्कै उल्टो पाराले मृत्युको वर्णन गरिएको छः मानिसहरू, जमिनका पशुहरू, आकाशका चराचुरुङ्गीहरू र समुद्रका जीवहरू (उत्पत्ति १:२०-२७मा उल्लेख गरिएका क्रमलाई हेर्नुहोस्)।

पैसाको खोलो बगाएर न्यायबाट उम्कन सक्दैन भनेर सपन्याहले मानिसहरूलाई सतर्क गराएका थिए (सपन्याह १:१८)। सुन र चाँदीले परमेश्वरको क्रोधलाई शान्त पार्न सक्दैन। "हामीहरू त चुनिएका विशेष

जाति हौं। हाम्रो उच्च जातले गर्दा नै परमेश्वरले हामीलाई केही गर्नुहुन्न" भनेर परमेश्वरमा निष्ठावान बनेर नबस्ने यरुशलेममा मानिसहरू ढुक्क भएर बसेका थिए। परमेश्वरको इन्साफको दिनसँग तिनीहरूको केही सरोकार छ भनेर तिनीहरूले अपेक्षा गरेका थिएन (सपन्याह १:१२)। उहाँमा निष्ठावान भएर बस्ने मानिसहरूको भविष्यको निम्ति परमेश्वरले कस्तो अथक प्रयास गर्नुहुनेछ भनेर उहाँले ल्याउने न्यायले देखाउँछ।

परमेश्वरको न्यायले मानिसहरूलाई दण्ड पनि दिनुहुनेछ र सच्च्याउनु पनि हुनेछ भनेर सपन्याहले स्पष्ट गरेको पाइन्छ। जो उहाँको मातहतमा रहन्छन् तिनीहरू परमेश्वरकै छत्रछायाँमा हुन्छ भनेर उहाँले वचन दिनुभएको छ (सपन्याह २:३)। परमेश्वरको दिन भनेको केवल संसारको अन्त्य मात्र होइन। त्यो परमेश्वरले शासन गर्न यस पृथ्वीलाई आफ्नै हातमा लिने दिन पनि हो, र उहाँको शासन अनन्तसम्म रहिरहने छ।

माथि उल्लेख गरिएका पदहरूमा सपन्याह १:१८ फेरि पढ्नुहोस्। त्यस पदमा व्यक्त गरेका सत्यनिति अहिले पनि हामीले कसरी अनुभव पाइरहेकाछौं? संसारका सारा धन सम्पत्तीले हामीलाई मुक्ति दिन सक्दैन भन्ने आभास कस्ता कस्ता परिस्थितिहरूले हामीलाई बताइरहेकाछन्?

## २. देशका सिधासाधा नम्र मानिसहरू (सपन्याह २:३)

**आफ्ना पाप अधर्म, दुष्टक्रियाकलापबाट फर्क भनेर सपन्याहले सपन्याह २:१-३मा यसरी आह्वान गर्दछन्,**" 1 ए शर्मलाग्दो जाति हो, तिमीहरू एकसाथ जम्मा होओ, एकसाथ जम्मा होओ, 2 नियुक्त गरिएको समय आउन अघि नै, र भुसजस्तै त्यो दिन बितेर जान अघि, परमप्रभुको भयङ्कर रीस तिमीहरूमाथि आउन अघि, र परमप्रभुका क्रोधको दिन तिमीहरूमाथि आउन अघि नै। 3 हे देशका दीन हो, तिमीहरू, जो उहाँको आज्ञापालन गर्छौ, परमप्रभुको खोजी गर। धार्मिकता खोज, नम्रता खोज, र परमप्रभुका रीसको दिनमा शायद तिमीहरूले शरण पाउनेछौ।" **नाशको समय आएतापनि यदि तिनीहरू परमेश्वरतिर फर्क्यो भने तिनीहरूलाई सुरक्षित राखिने समय निकालिन्छ भनेर वचन दिइएको छ। न्यायको समयमा भुस जस्तै दुष्टहरूको नाश हुनेछ किनकि तिनीहरूले आफ्ना दुष्ट तथा अधर्मी कामहरूलाई सम्हाली नै राख्न रुचाएको हुन्छ।**

भजन १:४मा पनि दुष्टहरूलाई भुससँग तुलना गरिएको छ। तिनीहरूको अन्त्य मृत्यु हो।

"परमेश्वरको खोजी गर" भनेर सपन्याहले ती नम्र भक्त जनहरूलाई उत्साह दिन सम्बोधन गरिएको हो जो जुनसुकै प्रतिकूल अवस्थामा पनि परमेश्वरमाथिको विश्वासमा अडिग भएर बसेका थिए। परमेश्वरको खोजी गर्नुको अर्थ उहाँको पवित्रता र धार्मिकतातिर नजर राख्दै बस्नु हो भनेर अगमवक्ताले सिकाउँदछ। परमेश्वरको न्यायबाट पन्छिन त्यस खालको मनस्थिति हुनु अत्यन्त जरुरी छ।

**देशका नम्र सिधासाधा जनताहरूलाई पश्चाताप गर भनेर सपन्याहले आह्वान गर्दछन्। देशका नम्र जनहरू भनेको के हो भनेर देहायका पदहरूले यसरी देखाउँछन्: मत्ती ५:३, "३ "धन्य आत्मामा दीन हुनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो।", भजन ७६:९, "जब तपाईं, हे परमेश्वर, देशमा अत्याचार परेका सबैलाई बचाउन तपाईं न्याय गर्न उठ्नुभयो, सेला।", यशैया ११:४,"तर खाँचोमा परेकाहरूको न्याय उहाँले धार्मिकतासित गर्नुहुनेछ, र पृथ्वीका गरीबहरूका लागि उहाँले न्यायसित फैसला गरिदिनुहुनेछ। आफ्नो मुखको लाठोले उहाँले पृथ्वीलाई हिर्काउनुहुनेछ, र आफ्नो ओठको सासले दुष्टलाई नाश गर्नुहुनेछ।" र आमोस ८:४," ४ हे कङ्गालीहरूलाई खुट्टाले कुल्चनेहरू र देशका गरीबहरूलाई हटाउनेहरू हो सुन!"**

अर्थात् नम्रहरू भनेका तिनीहरू हुन् जो परमेश्वरको विश्वासमा अडिग भएर बस्छन्। तिनीहरूलाई परमेश्वरले नै अगुवाइ गर्नुहुन्छ र सिकाउनु हुन्छ। भजनका लेखकले त्यस सन्दर्भमा यसरी व्यक्त गर्दछन्, "परमेश्वर इमान्दारी र असल हुनुहुन्छ। पापीहरूलाई उहाँको मार्गमा हिँड्न उहाँले सिकाउनुहुन्छ। जो अहँ छैन तिनीहरूलाई के ठिक छ भनेर उहाँले सिकाउनुहुन्छ। उहाँका मार्गहरूको बारेमा तिनीहरूलाई उहाँले सिकाउनुहुन्छ।" (भजन २५:८,९ न्यु इन्टरनेशनल रिभाइज्द भर्जन बाइबल)। परमेश्वरको खोजी गर्दै वा उहाँतिर नजर लगाउँदै आउने न्यायको दिनमा तयार हुन नम्र र दीनहरूलाई उत्साह दिइरहेका छन्।

परमेश्वरप्रतिको आस्थामा प्रतिवद्ध रहने नम्रहरूले न्यायको दिनमा आउने दण्डबाट राहत पनि मिल्न सक्दछ। सपन्याह २:३ले त्यसको आभास दिन्दछ। तर नम्रहरूको सुरक्षा परमेश्वरको पूर्ण

अनुग्रहमा भर पर्दछ। त्यस अनुग्रह र परमेश्वरको सदाशयताप्रति हामी हरदम आभारित हुनुपर्दछ। संसारमा आउने भिषण सङ्कतमा दयासागर परमेश्वरले हाम्रो निम्ति आशालाई साँचिराख्नु भएको छ। जो जो उहाँमा विश्वास र भरोसा राख्दछ तिनीहरूलाई उहाँको छत्रछायाँमा सुरक्षित राख्नुहुनेछ भनेर उहाँले वचन दिनुभएको छ (योयल ३:१६, नेहुम १:७)। यस्तो किसिमको विश्वास र भरोसाले हामीमा भएको कुनै पनि अहँकारीपना, भ्रष्ट चरित्र वा फताहा मनस्थितिलाई फैंकिदिन्छ।

**"मुक्तिदाताको बलिदानमा पूरा रूपमा भर्नपर्ने अत्यन्त नम्र मनस्थिति बोकेका भक्तजन जतिसुकै कमजोर वा निरिह भएतापनि उसले परमेश्वरको शक्ति वा बलको अनुभव गरिनै रहेको हुन्छ। यदि प्रार्थनामा तल्लिन भएर बसे, उहाँको वचनको अध्ययनमा रूची देखाउँदै रहे र विश्वासद्वारा उहाँको सदा उपस्थितिको अनुभव गरे, अत्यन्त कमजोरी मानिस पनि जीवित ख्रीष्टको सामु रहन अवसर पाइरहेको हुन्छ । अनि उहाँले तिनीहरूलाई आफ्नो हातले पकडि राख्नुहुनेछ। उहाँले तिनीहरूलाई कहिलै पनि छोड्नुहुन्न।"-एलेन जी ह्वाइट, द मिनिस्त्री अभ हिलिङ्ग, पृ. १८२बाट रूपान्तरित। उपरोक्त अभिव्यक्तिमा व्यक्त गरिएका अचम्मका प्रतिज्ञाहरूलाई के तपाईंले अनुभव गर्नुभएको छ? परमेश्वरसँग नजिक रहेर उहाँसँगसँगै हिंड्ने अनुभव तपाईंले कसरी सिक्ने?**

## ३. दुष्ट, अधर्म र पापले भरिएको शहर (सपन्याह ३:१-५)

पौराणिक बुद्धिमानी चिनियाहरूको एउटा कहावत छ। त्यो हो कोठाको सबभन्दा अँध्यायरो स्थान भनेकै मैनबत्तीको मुनी हो। सपन्याहको समयमा यरुशलेमको पापले भरिएको स्थितिलाई वाख्या गर्न त्यस कहावतलाई उपयोग गर्न सकिन्छ। यहूदाका छिमेकी राष्ट्रहरूलाई परमेश्वरले ल्याउनुहुने न्यायको बारेमा भर्खरै घोषणा गरिसकिएको थियो (सपन्याह २)। पश्चिमका फिलिस्टीया, पूर्वका असेरिया, मोआब र आमोन र दक्षिणका कुश देशहरू त्यस घोषणाको भित्र पर्दछ। तर तिनीहरूको बारेमा भनेर सपन्याह चुपचाप लागेर बस्दैन। तर उनले यस संसारमा रहेको परमेश्वरको आफ्नै शहर यरुशलेममा रहेका मानिसहरूका पापहरूलाई पनि उनले भन्डाफोर गर्दछन्।

**हेर्नुहोस् सपन्याह ३:१-५ जसमा लेखिएको छ, "बागी, अशुद्ध र अत्याचारी सहरलाई धिक्कार! २ त्यसले कसैको आज्ञा मान्दैन, सही**

कुरालाई ग्रहण गर्दैन। त्यसले परमप्रभुमा भरोसा राख्दैन, त्यो आफ्ना परमेश्‍वरको नजिकमा आउँदैन। ३ त्यसका अधिकारीहरू गर्जने सिंहहरू, र त्यसका शासकहरूचाहिँ बिहानसम्म केही बाँकी नराख्ने साँझका ब्वाँसाहरू हुन्। ४ त्यसका अगमवक्ताहरू हठी छन्। तिनीहरू विश्‍वासघाती मानिसहरू हुन्। त्यसका पूजाहारीहरूले पवित्रस्थानलाई अशुद्ध पार्छन्, र तिनीहरूले व्यवस्थालाई उल्टापाल्टा पार्छन्। ५ त्यसको बीचमा रहनुभएको परमप्रभु धर्मात्मा हुनुहुन्छ। उहाँ कुनै खराबी गर्नुहुन्न। उहाँले बिहानैपिच्छे न्याय गर्नुहुन्छ। प्रत्येक नयाँ दिन उहाँ चुक्नुहुन्न, तापनि अधर्मीलाई लाज लाग्दैन।" परमेश्वरले कसलाई दोष दिइरहनुभएको छ र किन? परमेश्वरका जनहरूमा धेरै आत्मिक ज्ञान र सत्य छन्। त्यसको बावजूद पनि तिनीहरू किन अधर्मी, बागी, पापी हुन गएत? आत्मिक ज्ञान भयो भन्दैमा के मानिस पापबाट सुरक्षित हुन सक्छ र? त्यही खालको वातावरणमा हामी पनि नपर्न हामी कसरी जोगिने?

सपन्याहको चासोको मूल केन्द्रविन्दु इस्राएल अर्थात् यहूदाको राजधानी यरूशलेमहो। त्यो देशका बासिन्दाहरूलाई पापमा फसाउने जिम्मेवार त्यहिँकै अगुवाहरूको हो भनेर सपन्याहले दोष दिन्छन्। जुन ठिक, न्यायोचित छ त्यो गर्न इस्राएलका अगुवाहरू असफल भए जसको कारणले गर्दा सारा शहर नै पाप र अधर्मको चपेतामा परेको थियो (यर्मीया १८:१८, इजकिएल २२:२३-३१ पनि पढ्नुहोस्)। त्यहाँका न्याय अदालत पनि भ्रष्ट न्यायधिस तथा कर्मचारीहरूले चलाएका थिए। तिनीहरू गर्जने सिँहहरू हुने भनेर तिनीहरूलाई सिँहसँग तुलना गरिएको छ। न्यायधिसहरू “साँझका ब्वाँसाहरू" हुन् भनेर न्यायधिसहरूको भ्रष्ट चरित्रलाई उदाङ्ग पारेको छ। परमेश्वरको वचनलाई नसिकाएका हुनाले मन्दिरमा सेवाकार्य गर्ने धर्मका अगुवा अर्थात् पूजारीहरू पनि गलत ढँगमा चलिरहेका थिए। भविष्यवक्ताहरू अर्थात् “परमेश्वरले सन्देश दिन मलाई पठाएको हो" भनेर मानिसहरूलाई बहकाउन खोज्ने कठित गुरूहरू पनि झुठो बोल्ने भएकोले तिनीहरूले सत्यप्रति चासो देखाएका थिएनन्।

“राजा योशेयाको पालामा अगमवक्ता सपन्याहकहाँ परमेश्वरको वचन आएको थियो। उनी मार्फत् परमेश्वरले बोल्नुभएको थियो कि मानिसहरूको भ्रष्ट चरित्रले गर्दा तिनीहरू उहाँबाट चिप्लिन्दै जानेछ। तिनीहरू विश्वासमा पछि हट्दै जानेछन्। सत्यमार्गमा हिँड्ने चर्चले

अर्थात् विश्वासीका समूहले भविष्यको महिमित आशामा नजर राख्दै गर्नु भनेर परमेश्वरले आह्वान गर्नुभएको थियो। यहूदा अर्थात् इस्राएल राज्यमाथि परमेश्वरले कार्यान्वन गर्नुहुने न्यायको बारेमा जुन भविष्यवाणी सपन्याहले उच्चारण गरेका थिए, त्यही खालको न्याय दोस्रो आगमनताका पापले गर्दा कठोर हृदय भएका मानिसहरूमाथि पनि वर्षिने छ।"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किङ्गस्, पृ. ३८९।

**तपाईंको चारैतिर नियालेर हेर्नुहोस्। संसारका आकर्षित वस्तु तथा वातावरणहरूको बारेमा सोच्नुहोस्। तिनीहरू अन्तमा नाश हुनेछ भनेर बाइबलले स्पष्ट रूपमा किटान गरेको छ। बाइबललाई विश्वास नगर्ने मानिसहरूलाई पनि त्यस कुराको यकिन नभएको त होइन। यद्यपि हाम्रो निम्ति पकडि राख्ने परमेश्वरमात्र हाम्रो आशा किन हो? जब हामीले हाम्रो जीवनलाई अघि सार्दछौं तब हामीले यस संसारका नाशवान तथा निरर्थक वस्तु तथा स्थितिहरूलाई हाम्रो प्राण हो भनेर अङ्गाली राख्नुको सट्टा परमेश्वरमाथि झन झन विश्वास, आस्था र भरोसा राख्न कसरी सिक्ने?**

## ४. परमेश्वरको अति प्रशन्नता (सपन्याह ३:१७)

परमेश्वरको क्रोधको विषयवस्तुबाट हटेर पुनर्स्थापनाको विषयलाई औंल्याउँदै सपन्याहले आफ्नो सन्देश यसरी अन्त गर्दछन्: “यसकारण,” परमप्रभु भन्नुहुन्छ, “गवाही दिन म खड़ा हुने दिनसम्म तिमीहरू मलाई पर्खिरहो। जाति-जातिहरूलाई जम्मा गर्न र राज्य-राज्यलाई भेला गर्न, अनि तिनीहरूमाथि मेरो रीस पोखाउन, सबै रीस पूरा खन्याउन मैले निर्णय गरेको छु। सम्पूर्ण पृथ्वी मेरो डाहको आगोले भस्म हुनेछ। ९ त्यस बेला देश-देशका मानिसहरूका ओठ शुद्ध पार्नेछु, र तिनीहरू सबैले परमप्रभुका नाउँको पुकारा गरून् र काँधमा काँध मिलाएर उहाँको सेवा गरून्। १० कूशका नदीहरूको पारिबाट मेरो आराधना गर्नेहरू, छरपष्ट भएका मेरा प्रजाले मेरो निम्ति भेटी ल्याउनेछन्। ११ त्यस दिन मप्रति गरेका तेरा सबै दुष्टयाइँको कारण तँलाई शर्म पर्नेछैन, किनभने आफ्नो घमण्डमा खुशी हुनेहरूलाई यस सहरको बीचबाट म निकाल्नेछु। मेरो पवित्र डाँड़ामा तँ फेरि कहिल्यै अहङ्कारी हुनेछैनस्। १२ तर तेरो बीचमा म दीन र नम्रहरूलाई छोड़िराख्नेछु, जसले परमप्रभुको नाउँमा भरोसा गर्छन्। १३ इस्राएलका बाँकी रहेकाहरूले कुनै गल्ती गर्नेछैनन्। तिनीहरूले झूट बोल्नेछैनन्, न

तिनीहरूका मुखमा छल पाइनेछ। तिनीहरू खानेछन् र पल्टेर बस्नेछन्,
र कसैले तिनीहरूलाई भयभीत तुल्याउनेछैन।" १४ हे सियोनकी छोरी,
गा! हे इस्राएल, चर्को सारेले करा! हे यरूशलेमकी छोरी, खुशी हो र
सम्पूर्ण हृदयले रमाहट गर! १५ तेरो दण्ड परमप्रभुले हटाइदिनुभएको
छ, उहाँले तेरा शत्रुहरूलाई फिर्ता पठाइदिनुभएको छ। परमप्रभु
इस्राएलका राजा तँसित हुनुहुन्छ। अब उप्रान्त तैंले कुनै खराबीको डर
मान्नुपर्दैन। १६ त्यस दिन यरूशलेमलाई तिनीहरूले यसो भन्नेछन्, "तँ
नडरा, हे सियोन। तेरा हात ढीला हुन नपाऊन्। १७ परमप्रभु तेरा
परमेश्‍वर तँसित हुनुहुन्छ। उहाँ बचाउनलाई सामर्थी हुनुहुन्छ। उहाँ
तँसित अत्यन्तै आनन्दित हुनुहुन्छ। उहाँले आफ्नो प्रेममा तँलाई शान्त
पार्नुहुनेछ। गीत गाएर उहाँ तेरा बारेमा रमाउनुहुनेछ।
१८ "नियुक्त गरिएका चाड़हरूको शोक म तँबाट हटाइदिनेछु। ती
तेरा निम्ति भार र लाज हुन्। १९ तँलाई थिचोमिचो गर्नेहरू सबैसँग म
उचित व्यवहार गर्नेछु। म लङ्गड़ालाई छुटाउनेछु, र छरपष्ट
भएकाहरूलाई म जम्मा गर्नेछु। तिनीहरूलाई शर्ममा पार्ने हरेक देशमा
म तिनीहरूलाई प्रशंसा र सम्मान दिनेछु। २० त्यस बेला म
तिमीहरूलाई जम्मा गर्नेछु, र त्यस बेला म तिमीहरूलाई घरमा
ल्याउनेछु। जब म तिमीहरूको सौभाग्य तिमीहरूकै नजरको सामुन्ने
फर्काएर ल्याउनेछु, तब पृथ्वीका सारा मानिसहरूका बीचमा म
तिमीहरूलाई सम्मान र प्रशंसा दिनेछु," परमप्रभु भन्नुहुन्छ।" (सपन्याह
३:८-२०)।

जब सारा राष्ट्रहरूको यथोचित न्याय हुनेछ, तिनीहरूले पाउनुपर्ने दण्ड भोग्नेछ र तिनीहरूले सच्चिनुपर्ने चरित्र सच्चिनेछ तब तिनीहरू सबै मिलेर परमेश्वरको पुकार गर्नेछन् र उहाँको सेवा गर्नेछन्। मानिसहरूका ओठहरू शुद्ध बनाउनेछन्। ती शुद्ध तथा इमान्दारी हृदयहरूबाट परमेश्वरको उपासना गर्नेछन् र उहाँको स्तुति गाउनेछन्। थोरै भएतापनि बचेखुचेका नम्र भक्तहरू परमेश्वरको क्रोधबाट बच्नेछन्। तिनीहरू यहूदामा बस्नेछन् र अहँकारी, ज्यादती गर्ने, अरूलाई थिचोमिचो गरि आफूलाई उचाईंमा राख्न खोज्ने अगुवाहरूको स्थान तिनीहरूले लिनेछन्।

अझ अति उल्लेखनीय कुरो त यो हुनेछ, परमेश्वर आफ्ना जन तथा भक्तहरूको बीचमा रहनुहुनेछ। विगतका सबै त्रुती तथा गलतहरू

उहाँले ठिक पार्नुहुनेछ। कोहि मानिस पनि डर, त्रास, आतङ्कितको मारमा पर्न आवश्यकता हुनेछैन किनकि परमेश्वर आफै तिनीहरूको माझमा रहनुहुनेछ। तिनीहरूको मुक्तिदाता, उद्धारकर्ता वा सच्चा स्वतन्त्रकर्ता उहाँ नै हुनुहुनेछ। "तिनीहरू ढुक्क भएर खान पाउनेछन्, तिनीहरू शान्तसँग पल्टिनेछन्।'" (सपन्याह ३:१३ न्यु इन्टरनेशनल रिभाइज्ड भर्जन्)।

यस्ता खालका आशिषको मनस्थिति बोकेर रहने अवसरबाट परमेश्वरका जनहरू उहाँसँग हर्षित हुनेछन्। तिनीहरू उहाँदेखि प्रशन्न हुनेछन्। साथै परमेश्वरको प्रेम र आनन्द उहाँका भक्तहरूको बीच अति ठूलो भएर छाउनेछन्। तिनीहरूसँग मिलेर महान् आनन्दले उहाँ चिच्याउनुहुनेछ। आफ्ना भक्तहरूसँग उहाँले आनन्दसाथ उत्सव मनाउनुहुनेछ।

आफूले प्रदान गरेको मुक्तिलाई ग्रहण गरेर जतिपनि मानिसहरू बस्न पाउनेछन् तिनीहरूप्रति परमेश्वर कतिको आनन्दित हुनुहुनेछ भनेर यशैया ६२:५ र ६५:१९ले यसरी वर्णन गरेको हेरौं: "५ जसरी एउटा जवान केटाले कन्ये-केटीलाई विवाह गर्छ, त्यसरी नै तेरा छोराहरूले तँलाई विवाह गर्नेछन्। जसरी दुलहा आफ्नी दुलहीको निम्ति रमाहट गर्छ, त्यसरी नै तेरा परमेश्वरले तेरो निम्ति रमाहट गर्नुहुनेछ।" यशैया ६५:१९, "म यरूशलेमदेखि हर्षित हुनेछु, र मेरो प्रजामा खुशी हुनेछु, र त्यहाँ रुवाइ र कराइको आवाज फेरि कहिल्यै सुनिनेछैन।

चक्रवर्ती महाराजा र तेजस्वीमय युद्धविर परमेश्वरले उहाँको जनहरूको नाउँमा भएको कुनै खोटो छ भने त्यसलाई हटाइदिनुहुनेछ र तिनीहरलाई सुरक्षित राख्नुहुनेछ। उहाँको विजयबाट प्राप्त भएको सबै लाभहरू तिनीहरूलाई नै सुम्पनुहुनेछ। त्यो विजय उहाँले क्रुसमा हाम्रो निम्ति जित्नु भएको छ। नम्रहरूलाई उहाँले सम्मान गर्नुहुन्छ। हेपिएका, पिल्सिएका, निरीह, दु,ख कष्ट र पिडा भोगेका र बिछोडले आततायी बनेका भक्तजनहरूका अनुभवहरूलाई उहाँले सरसम्मानसाथ आशिषमा परिवर्तन गरिदिनुहुनेछ। उहाँकै जनहरूको बीचमा उहाँ रहनुहुनेछ। कुजात वा म्लेच्छ भनेर हेपिएका र लङ्डाहरूको सम्मान उहाँले गर्नुहुनेछ। ख्रीष्ट येशूले सिकाउनुभएको सन्देशको मूल केन्द्रविन्दु नै उपरोक्त विषय हो।

गम्भिर चेतावनीको बीचमा परमेश्वरले आफ्ना जनहरूलाई आशा प्रदान गर्नुभएको छ। येशूको दोस्रो आगमनको प्रतिक्षा लक्षित भएर बसेका हामी सेभेन्थ-डे एडभेन्टिस्टहरू त्यस्तो आस्थाप्रति संवेदनशील भएर हामीहरूको दैनिक जीवनलाई कसरी गुजारी राख्ने? यस संसार वा आफू रहेका देशले पनि दुःख कष्ट, पिडा बाहेक केही पनि दिन नसकेको अवस्थामा त्यस्तो खालको आशालाई हामी कसरी जगाइ राख्ने?

## ५. अन्याय अत्याचारलाई परमेश्वरको जवाफ (नेहूम १-३)

परमेश्वरको अगमवक्ता नेहूमले उहाँको चरित्रको बारेमा नेहूम १देखि ३ अध्यायसम्म चित्रण गरेका छन्। अन्तिम समयको बारेमा बुझ्न ती चित्रणहरूलाई हामी कसरी प्रयोग गर्न सक्छौं?

नेहूम अध्याय १: "१ निनवेको विषयमा ईश्वरवाणी। एल्कोशी नहूमले देखेका दर्शनको पुस्तक। २ परमप्रभु डाही र बदला लिने परमेश्वर हुनुहुन्छ। परमप्रभुले बदला लिनुहुन्छ र क्रोधले भरपूर हुनुहुन्छ। परमप्रभुले आफ्ना दुश्मनहरूलाई बदला लिनुहुन्छ, र शत्रुहरूका लागि क्रोध साँचिराख्नुहुन्छ। ३ परमप्रभु रीस गर्नमा धैर्यवान् हुनुहुन्छ र उहाँ अति शक्तिशाली हुनुहुन्छ। दोषीलाई परमप्रभुले दण्ड नदिई छोड्नुहुन्न। भुमरी र आँधीमा उहाँको बाटो छ, र बादलहरूचाहिँ उहाँका खुट्टाका धूला हुन्। ४ उहाँले हप्काउनुहुँदा समुद्र सुकिहाल्छ। उहाँले सबै नदीहरू सुकाउनुहुन्छ। बाशान र कर्मेल ओइलाउँछन्, र लेबनानका फूलहरू ओइलाएर लोप हुन्छन्। ५ उहाँको सामु पहाड़हरू कम्पायमान हुन्छन्, र पर्वतहरू पग्लन्छन्। उहाँको उपस्थितिमा संसार उजाड़ हुन्छ, जगत् र त्यसमा भएका सबै कुरा थरथर काँप्छन्। ६ उहाँका रीसको अगि को उभिन सक्छ? उहाँको भयङ्कर रीस कसले सहन सक्छ? उहाँको क्रोध आगोझैं खन्याइन्छ, र उहाँको सामुन्ने चट्टानहरू टुक्रा-टुक्रा पारिन्छन्। ७ परमप्रभु असल हुनुहुन्छ, दुःखको समयमा उहाँ नै शरणस्थान हुनुहुन्छ। उहाँमाथि भरोसा राख्नेहरूको उहाँले हेरविचार गर्नुहुन्छ। ८ तर उहाँले उलंर्दो भलले निनवेलाई खतम गर्नुहुनेछ। उहाँले आफ्ना शत्रुहरूलाई अन्धकारमा खेदिपठाउनुहुनेछ। ९ परमप्रभुको विरुद्धमा उनीहरूले जस्तोसुकै षड्यन्त्र गरे तापनि उहाँले त्यो खतम पारिदिनुहुनेछ। दुःख दोस्रो पटक आउँदैन। १० उनीहरू काँढ़ाहरूका बीचमा अलमलिनेछन्, मद्यको मातले लठ्ठिनेछन्। उनीहरू

सुकेका ठोसाहरूझैं भस्म हुनेछन्। ११ हे निनवे! तँबाट परमप्रभुको
विरुद्धमा युक्ति गर्ने र खराब सल्लाह दिने एक जना निस्केको छ। १२
परमप्रभु यसो भन्नुहुन्छ, "यद्यपि उनीहरू सामर्थी र अनगन्ती छन् तापनि
उनीहरू बहिष्कृत हुनेछन्, र बितिजानेछन्। ए यहूदा, मैले तँलाई दुःख
दिएको छु, तापनि अब म फेरि तँलाई दुःख दिनेछैनँ। १३ अब
उनीहरूको जुवा म तेरो काँधबाट भँचाइ दिनेछु, र तेरा बन्धनहरू टुक्रै-
टुक्रा पारिदिनेछु।" १४ हे निनवे, परमप्रभुले तेरो बारेमा एउटा आज्ञा
दिनुभएको छः "अब उप्रान्त तेरो नाउँ कायम राख्ने तेरो कोही सन्तान
हुनेछैन। तेरा देवताहरूको मन्दिरमा कुँदिएका र ढालेर बनाएका
मूर्तिहरू म सर्वनाश गर्नेछु। म तेरो चिहान तयार पार्नेछु, किनकि तँ
दुष्ट छस्।" १५ हेर, सुसमाचार ल्याउने र शान्ति घोषणा गर्ने जनका
खुट्टाहरू पहाड़हरूमा छन्। हे यहूदा, तिमीले आफ्ना चाड़हरू मनाओ,
आफ्ना भाकलहरू पूरा गर। दुष्टहरूले अब उप्रान्त तिमीलाई आक्रमण
गर्नेछैनन्। उनीहरू सम्पूर्ण रूपले सर्वनाश हुनेछन्।

अध्याय २, "१ हे निनवे, एउटा छापामार तेरो विरुद्धमा
बढ्दैछ। किल्लाको सुरक्षा गर, बाटो राम्ररी हेर, कम्मर कस्, तेरो पूरा
बल लगा। २ परमप्रभुले याकूबको गौरवलाई इस्राएलको श्रेष्ठताझैं
फेरि फर्काउनुहुनेछ, यद्यपि ध्वंसकहरूले तिनीहरूलाई उजाड़ पारेका
छन्, र तिनीहरूका दाखका बोटहरू नष्ट पारेका छन्। ३ त्यसका
सिपाहीहरूका ढालहरू राता छन्। त्यसका योद्धाहरूले गाढ़ा लाल
पोशाक पहिरेका छन्। ती तयारी पारिएको दिनमा रथहरूका धातु
चम्कन्छन्, सल्लोका भालाहरू उजाइएका छन्। ४ रथहरू सड़कमा
खूब वेगसित हाँकिन्छन्, र चोकहरूमा तिनीहरू अगि-पछि गर्दै जोरले
कुद्छन्। तिनीहरू जलिरहेका राँकाहरूजस्तै देखिन्छन्, तिनीहरू
बिजुलीजस्तै वेगले कुद्छन्। ५ त्यसले आफ्ना चुनिएका सेनाहरूलाई
हाजिर गराउँछ, तापनि उनीहरू आफ्नो बाटोमा धरमरिन्छन्। उनीहरू
आतुरीसाथ सहरको पर्खालतिर दगुर्छन्। रक्षा गर्ने ढाल त्यसकै ठाउँमा
राखिन्छ। ६ नदीका बाँधहरू खुला पारिन्छन्। दरबार ढल्छ। ७ यो
अवश्यम्भावी छ, सहर निर्वासनमा लगिनेछ। त्यसका दासीहरू छाती
पिट्दै ढुकुरहरूझैं विलाप गर्छन्। ८ निनवेचाहिँ पानीको दहजस्तै छ,
त्यसको पानी सुक्दैगइरहेछ। "पख! पख्।"भनेर कराउँदा पनि कसैले
पछि फर्केर हेर्दैन। ९ चाँदी लुट! सुन लुट! त्यसका सबै धन-

सम्पत्तिको केही टुङ्गै छैन। १० त्यो लूटपीट गरियो, लुटियो र नाङ्गो पारियो। हृदयहरू गल्छन्, घुँड़ाहरू काँप्छन्, र सारा शरीरमा पीडा छ, सबै चेहराहरू पहेंला-पहेंला हुन्छन्। ११ साना-साना सिंहहरूलाई खुवाउने गुफा खोइ? जहाँ सिंह र सिंहनी डमरुहरूसमेत नडराई हिंड्दथे।"

अध्याय ३,"१ रगतको सहरलाई धिक्कार! त्यो झूट र लूटको धनले भरिएको छ, त्यहाँ लूटका शिकारको अन्त हुँदैन। २ कोर्राहरूको आवाज, पाङ्ग्राहरूको आवाज, घोड़ाहरूका फड्का, रथहरूको ठेलमठेला गर्ने कुदाइ। ३ घोड़चढ़ीहरूको हमला, झल्कने तरवार र चम्कने भाला। मारिएकाहरूको रास, मुर्दाहरूको ढेर, अनगिन्ती लाशहरू– लाशहरूमा मानिसहरू ठोकर खाँदैहिंड्छन्। ४ यी सबै एउटी वेश्या, टुनामुना गर्नेकी एउटी मालिक्नीको निर्लज्ज कामवासनाको कारणले हो, जसले आफ्नो वेश्यापनद्वारा जाति-जातिहरूलाई, र आफ्नो टुनामुनाद्वारा मानिसहरूलाई दास बनाउँथी। ५ सर्वशक्तिमान् परमप्रभु घोषणा गर्नुहुन्छ, "हेर, म तेरो विरुद्धमा छु। तेरा मुखसम्म तेरा फरियाहरू उचाल्नेछु। जाति-जातिहरूलाई म तेरो नाङ्गोपना, र राज्यहरूलाई तेरो शर्म देखाउनेछु। ६ तँमाथि फोहोर फाल्नेछु, म तँलाई नीच व्यवहार देखाउनेछु, र तँलाई हाँसोको पात्र तुल्याउनेछु। ७ तँलाई देख्ने जत्ति सबै तँदेखि भाग्नेछन्, र भन्नेछन्, 'निनवे त नष्ट भएको छ। त्यसको निम्ति कसले विलाप गर्ला?' तँलाई शान्ति दिने व्यक्ति मैले कहाँ पाउने?" ८ के तँ नील नदीको किनारमा अवस्थित नो सहरभन्दा अझ राम्रो छस्? जसको सुरक्षा पानी थियो, त्यसको किल्ला नदी र पर्खालचाहिँ पानी थियो। ९ कूश* र मिश्र त्यसको असीम शक्ति थियो, पूत र लिबिया त्यसका मित्रराष्ट्र थिए। १० तैपनि त्यो कैदमा लगियो र निर्वासनमा गयो। त्यसका स-साना नानीहरू पनि गल्लीहरूमा बजारिएर मरे। त्यसका भारदारहरूमाथि चिट्ठा हालिए, र त्यसका सबै ठूला मानिसहरू साङ्लाले बाँधिए। ११ तँ पनि मतवाला हुनेछस्, तँ लुकेर बस्नेछस्, र शत्रुबाट भाग्नलाई शरणस्थान खोज्नेछस्। १२ तेरा सबै किल्लाहरू पहिला फसल पाकेका अञ्जीरका रूखहरूजस्तै छन्। ती हल्लाउँदा अञ्जीरहरू खानेको मुखैमा खस्छन्। १३ तेरा फौजहरूलाई हेर, ती सबै स्त्री मात्र छन्। तेरो देशका मूल ढोकाहरू तेरा शत्रुहरूका निम्ति उदाङ्गै छन्। त्यसका गजबारहरू आगोले खाएको छ। १४

घेरामा पर्ने दिनको निम्ति पानी भरेर राख्। तेरा किल्लाहरू बलिया पार्। काम गर्, हिलो खुट्टाले कुल्ची। ईंटको काम मरम्मत गर्। १५ त्यहीँ तँलाई आगोले भस्म पार्नेछ, तँलाई तरवारले टुक्र्याउनेछ र सलहहरूले तँलाई स्वाहा पार्नेछन्। फटेङ्ग्राजस्तै अनगन्ती हो, सलहहरूझैं संख्यामा बढ्।"

कुन कुन पदहरूले परमेश्वरको चरित्रको बारेमा हामीलाई सिकाइरहेकाछन्?

**निनभे जस्ता यस संसारका राष्ट्रहरूको विरुद्धमा नेहूमले जुन आवाज उठाए ती परमेश्वरका वचन हुन्। जब यस संसारको बारेमा नेहूमले सोच्दछन् तब उनले यो बुझ्दछ कि अस्सुरको साम्राज्यमा परमेश्वरको हात परिरहेको छ। एक फेरा सभ्यताको चुचुरोमा पुगेको त्यस साम्राज्यको राजधानी पतन हुनेछ र त्यो फेरि कहिलै पनि उठ्ने छैन। त्यो राजधानी निनभे हो। परमेश्वरको चरित्रको बारेमा बुझेर नै नेहूमले अत्यन्त विश्वस्त भएर घोषणा गर्दछन्। नेहूमले पाएका भविष्यवाणी बोल्ने वरदानले गर्दा (नेहूम १:१) भविष्यमा के हुन्छ सो परमेश्वरले उनलाई देखाउनुभएको थियो। अत्याचारी, अन्यायी दोषीहरूलाई परमेश्वरले सजायँ नदिइकन छोड्नुहुन्न (नेहूम १:३, प्रस्थान ३४:६,७)।**

**असेरिया वा मेसोपोतामिया सभ्यताका साम्राज्यले धेरै देशहरूमा आक्रमण गरेर जितेका थिए। जतिसुकै देशहरू तिनीहरूको हातमा भएतापनि तिनीहरू कहिलै पनि संतुष्ट थिएनन्। तिनीहरू शक्तिको लागि अत्यन्त भोको थिए। तिनीहरूको बरबरता अर्थात् क्रुरता अत्यन्त भयानक थियो। तिनीहरू परमेश्वरको धारिलो छुरी (यशैया ७:२०) भएर निस्केका थिए। तिनीहरू छिमेकी राष्ट्रका मानिसहरूलाई यस्तरो शोषण गरेका थिए कि तिनीहरू नाङ्गेझार भएका थिए। अब त्यो छुरी टुक्रा टुक्रा हुने समय भएको थियो। न्यायको निम्ति जुन परमेश्वरले साधन चलाउनु हुन्छ त्यो साधनले कसैलाई पनि बाँकि राखिन्दैन। त्यसकारण एक फेरा अत्यन्त प्रख्यात भएको शहर निनभे नाश भएर गएको थियो। त्यसको अस्तित्व अहिले छैन। तर त्यसको खिलाफमा गरिएको भविष्यवाणी अझै पनि यथाहवत नै छ। परमेश्वरको न्याय धिलो नै भएता वा नहुने जस्तो भएतापनि अन्तमा त्यसको कार्यान्वन हुनेछ र कसैले पनि रोक्न सक्दैन।**

हामीले अघिल्लो अध्यायमा हेरिसक्यौं कि निनभेका मानिसहरूले योनाको समाचार सुनेका थिए। त्यो नेहूमको जन्म भन्दा धेरै धेरै वर्ष अघाडि थियो। त्यसबेला योनाको सन्देश सुनेपछि तिनीहरूले पश्चाताप गरेको हुनाले परमेश्वरको मन पग्लिएको थियो र तिनीहरूलाई नाश गर्नुभएको थिएन। तर तिनीहरूको पश्चाताप धेरैसम्म टिकेनन्। अनि मानिसहरू फेरि पुरानै संस्कारमा फर्के। निष्ठुर आतङ्ककारी अस्सुरहरूले गर्दा धेरै देशहरूले अत्यन्त दुःख पाएका थिए। निनभेको पतन भएको समाचार सुन्दा ती देशहरू अत्यन्त हर्षित भएर आफूहरूले राहत पाएको अनुभव गर्न अवसर पाउने थियो।

हो, परमेश्वरको क्रोध चानचुने छैन, त्यो अत्यन्त ठूलो छ। तर उहाँको क्रोध भन्दा उहाँको दया, सदाशयता र प्रेम अझ महान् छन्। उहाँले ल्याउनु हुने भलोको पूर्णतालाई पर्खिरहने जनहरूलाई उहाँले रक्षा गर्नुहुनेछ। जसले परमेश्वरमाथि भरोसा राखेर चल्दछ त्यसप्रति उहाँ चासो राख्नु हुन्छ भनेर नेहूमले सिकाउँदछन्। तर ठूलो प्रलयद्वारा उहाँका शत्रुहरूलाई उहाँले अन्धकारमा धकेल्नुहुनेछ (नेहूम १:८)। त्यसको पछाडि परमेश्वर हुनुहुन्थ्यो। निनभेको न्यायको दिन आउँछ भनेर उहाँले निर्णय गरिसक्नुभएको थियो।

परमेश्वरको शक्ति अति महान छ भनेर नेहूमले देखाउँदछ। सारा सृष्टिले उहाँको आराधना गर्दछ। पापलाई सजायँ नदिइकन उहाँ सधैं त्यसै छोड्नुहुने छैन। फेरि त्यसै वखत उहाँमाथि भरोसा राख्नेहरूको निम्ति उहाँ उद्धारकर्ता हुनुहुन्छ। मध्यममार्गको स्थान बाइबलले देखाएको छैन। हामी की त परमेश्वरको साथमा की त उहाँको खिलाफमा। येशूले भन्नुभयो, “जो व्यक्ति मेरो साथमा छैन, त्यो मेरो विरुद्धमा छ।" (मत्ती १२:३० न्यु इन्टरनेशनल रिभाइज्ड भर्जन)।

**उपसंहारः**

थप जानकारीः “सारा राष्ट्रहरूको लेखाजोखा उचित र होशियारी पूर्वक परमेश्वरले राख्नुहुन्छ। पश्चातापको आह्वान गर्दै परमेश्वरको सदाशयता र दयालाई निरन्तरता दिइरहेतापनि ती लेखाजोखाचाहिँ खुलै राखेका हुन्छन्। जब परमेश्वरले निर्धारण गर्नु भएको लेखाजोखाको निश्चित सिमाना पुग्दछ तब परमेश्वरको क्रोध सुरू हुन्छ। पापको हरहिसाब राख्ने किताब बन्द हुन्छ। परमेश्वरको धैर्यता पनि थप्प हुन्छ। पश्चाताप नगरि बस्ने अधर्मीहरूलाई फैलाइरहेको सदाशयता र दयाको प्रवाह पनि

रोक्दछ।"-एलेन जी ह्वाइट, प्रोफेटस् आण्ड किङ्गस्, पृ. ३६४बाट रूपान्तरित।

"यस संसारको न्यायमूर्तिको सामु सारा संसारले आफ्नो जीवनशैलीको हिसाब बुझाउनु पर्नेछ। तिनीहरूले नै येशूलाई दोषी ठहऱ्यार उहाँलाई क्रुसमा टाँगेका थिए। त्यसले गर्दा परमेश्वरको न्यायको दिन कस्तो भयानक होला ! न्यायलाई परमेश्वरले कार्यन्वन गर्ने त्यो दिन कस्तो महान् होला ! त्यसबेला येशू पिलातसको कठघरामा उभिनुहुनेछैन। परमेश्वरको थुमाको क्रोध कस्तो होला भनेर पिलातस र हेरोड राजा र ती सबै मानिसहरूले बुझ्नेछन् जसले उहाँको उपहास गरेर उहाँलाई क्रुसमा टाँगेका थिए। त्यस न्यायको दिनमा तिनीहरूको क्रियाकलाप तिनीहरूकै सामु पर्दाफास हुनेछ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज टु मिनिस्टरस्, पृ. १३२बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. सपन्याहको पालामा कतिपय मानिसहरूले परमेश्वर र आफ्ना देशवासीहरूको विरुद्धमा अत्यन्त डरलाग्दो काम गरेका थिए। त्यस्ता अपराध र दुष्ट चालामालालाई दण्ड दिन कतिपय मानिसहरू द्वन्धहिनको चपेतामा परेर अल्छि भएका थिए। परमेश्वरको नजरमा ती दुई पापहरूमध्ये कुनचाहिँ पाप अत्यन्त नराम्रो होला? चर्चापरिचर्चा गर्नुहोस्।

आ. यस अध्यायको पहिलो अंशको अन्तिम प्रश्नलाई फेरि सोच्नुहोस्। "परमेश्वरको सामु आफू कोहि पनि होइन तर मुक्तिदातामाथि पूर्ण रूपमा भरपर्नुको विकल्प छैन" भनेको अर्थ के हो? येशूको बलिदानमा मात्र पूरा भरपर्नुको मतलब के हो? मुक्ति वा मोक्ष भनेको ख्रीष्टमा आस्था राख्दाले मात्र पाइन्छ भन्ने महान् सत्यतालाई त्यसले कसरी पुष्टि गर्दछ? यदि येशूको बलिदानमा हामी भरपर्दैनौं भने मोक्ष वा मुक्तिको निम्ति कसमा भरपर्दछौं?

इ. हामीसँग जे छ त्यो परमेश्वरको निगाहामा नै भरपरेर उपलव्ध भएका हुन् भन्ने कुरालाई विर्सन कतिको सजिलो छ? आफै सक्षम छु, मेरै बल, तागत वा

औगातले म सम्पन्न भएको छु त्यसकारण मलाई परमेश्वरको खाँचो छैन, भन्ने धोखापूर्ण सोचाइबाट हामी कसरी सुरक्षित हुने?

ई. परमेश्वरका जनहरूले गर्दा परमेश्वर अत्यन्त हर्षित भएर गीत गाउनुहुन्छ भन्ने तर्कको बारेमा गहिरिएर सोच्नुहोस्। परमेश्वरले हाम्रो निम्ति के गर्नुभयो त्यसले गर्दा हामी आनन्द भएर उहाँको प्रशंसा गर्छौं भन्नुमा कुनै असाधारण मान्दैनौं। तर हामीले गर्दा उहाँ अति आनन्दित भएर गाउनुहुन्छ भन्नुको अर्थ के हो? जब हामी कठिन परिस्थिति, परिक्षाको घडिमा पर्दछौं, हामी पापको भुमरीमा पस्दछौं र हामीलाई दिक्कको छायाँले छोप्दछ तब त्यसबेला पनि परमेश्वरको त्यस आनन्दित आदतसँग हामी समावेश हुन कसरी सिक्ने?